




PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

epratheekdaily.com








❖ वर्ष ३४ ❖ २०७८ साउन २० गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 August 04 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ३३७


## पर्साका हरेक वडाको श्रेस्ता च्यातिएको छ, कुनै वडाको ठेली गायब छ

राधेश्याम पटेल, परवानीपुर, १९ साउन/

भूमिसुधार तथा मालपोत कार्यालय पर्साले संरक्षण गर्न नसक्दा पर्साका १४ वटा पालिकाका विभिन्न वडामा दर्ता रहेको जग्गाको श्रेस्ता च्यातिएको र कुनै कुनै वडाको मोठ अर्थात् ठेली नै गायब रहेको पाइएको छ।

वीरगंज महानगरको नगवा, भवानीपुर, लालपर्सालगायत विभिन्न वडाका ठेली र श्रेष्ता नरहेको मालपोत स्रोतले जनाएको छ। श्रेस्ताको फोटो खिचेर अनलाइनमा अपडेट गर्न आएको प्राविधिक टोलीले समेत थुप्रै श्रेस्ता र केही वडाका ५० पन्ने ठेलीसमेत नभेटिएको बताएको छ।

पिज जिओकम-सिड जेभीका प्राविधिक अमरनाथ राउतका अनुसार धेरै पहिलेदेखि मालपोत पर्सामा ठेली गायब गर्ने, श्रेस्ता च्यात्ने परम्पराका कारण थुप्रै श्रेस्ताको पन्ना नभेटिएको बताए। "कुनै कुनै वडाको पूरै पन्ना भएको मिसिल अर्थात् ठेली नै गायब छ, कसरी फोटो खिचेर हाल्ने, एउटा ठेलीमा आधा दर्जनभन्दा बढी श्रेस्ताको पन्ना च्यातिएको पनि भेटेका छौं, हामीले हाकिम साहेबलाई जानकारी गराएका छौं, श्रेस्ता जुन अवस्थामा छ, त्यतिकै पन्नाको फोटो खिचेर हालेका छौं," राउतले भने।


मालपोत कार्यालय, पर्सामा फालिएको श्रेस्ता र खुला दराजभित्र थुपारिएका महत्त्वपूर्ण कागजातहरू । तस्वीरः फाइल

पर्सामा १४ वटा पालिकामा गरी करीब ९६ वटा ठेली रहेकामा करीब ६ हजार श्रेस्ताको पन्नाको फोटो खिचेर अपडेट गर्ने क्रममा यस्तो कमजोरी भेटिएको प्राविधिकहरूले बताएका छन्। कर्मचारीहरूले जथाभावी जग्गाको श्रेस्ताको ठेली कार्यालयमा पसेर मोठ भिडाउने गर्दा पन्ना च्यातिने गरेको बताउँछन्। कर्मचारीहरूले लेखनदासको बदमाशीले श्रेस्ता च्यातिने आरोप लगाउँछन् भने लेखदासहरू कर्मचारीहरूले आर्थिक प्रलोभनमा परेर स्वयं नै श्रेस्ता च्यातेर जग्गाको स्वामित्वबारे अन्योल खडा गर्ने गरेको तर्क गर्छन्।

तर यस विषयमा भूमिसुधार तथा मालपोत विभागले छानबीन गरी सम्पूर्ण श्रेस्ताको संरक्षण गरी सिस्टममा बसेर काम गर्ने नियम ल्याउनुपर्ने सुझाव सेवाग्राहीको छ। श्रेस्ता र मोठ जस्ता संवदेनशील कुरामा पनि मालपोतका कर्मचारीहरू संवेदनशील नबनेको र जथाभावी मोठ भिडाउन लेखनदासलाई दिने चलन बन्द गर्नुपर्ने सेवाग्राहीले अपील गरेका छन्।

## स्वास्थ्य कार्यालयले ८० प्रतिशत बजेट सिध्यायो

प्रस, वीरगंज, १९ साउन/

स्वास्थ्य कार्यालय पर्साले गत आवमा सङ्घ तथा प्रदेश सरकारबाट प्राप्त ४ करोड ७९ लाख ९३ हजार रुपैयाँमध्ये ३ करोड ८५ लाख ३९ हजार खर्च भएको निमित्त प्रमुख नवलकिशोर साहले बताएका छन्।

उनले सङ्घ सरकारबाट सशर्त प्राप्त रु २ करोड ७४ लाख ६९ हजार र प्रदेश सरकारबाट प्राप्त रु २ करोड ८४ हजार तथा पूँजीगत रु ४ लाखसमेत रु ४ करोड ७९ लाख ९३ हजारमध्ये ३ करोड ८५ लाख ३९ हजार गरी ८०.३ प्रतिशत बजेट खर्च भएको बताएका छन्।



तस्वीरः प्रतीक

उनले निर्मित सार्वजनिक सम्पत्तिको मरम्मत सम्भार, मसलन्द तथा कार्यालय सामग्री खरीद, पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन, सेवा र परामर्श खर्च, करार सेवा शुल्क, अन्य सेवा शुल्क, कर्मचारी तालीम, सीप विकास तथा जनचेतना तालीम तथा गोष्ठी, कार्यक्रम खर्च, अनुगमन मूल्याङ्कन खर्च, भ्रमण, औषधि खरीद खर्च र विविध खर्चसमेत गरी बजेटको ८०.३ प्रतिशत खर्च भएको बताए।

## शिकारीवासका जनता अहिले पनि अन्धकारमा

प्रस, सेढवा, १९ साउन/

ठोरी गाउँपालिका-२ शिकारीवासका मानिसहरू अहिले पनि विद्युत् सेवाबाट वञ्चित छन्।

पर्सा जिल्लाका १४ वटा पालिकामध्ये ठोरी गाउँपालिकाको यो एउटा टोल मात्र विद्युत् सेवाबाट वञ्चित छ। शिकारीवासमा ५२ घरधुरी छन् भने २५० भन्दा बढी बासिन्दा छन्। अधिकांश थारू बाहुल्य रहेको यो बस्ती निर्मलबस्तीबाट ७ किलोमिटर उत्तर र ब्रह्मनगरबाट ३ किलोमिटर उत्तर, पर्सा राष्ट्रिय निकुञ्ज तथा चितवन राष्ट्रिय निकुञ्जको दोसाँधमा छ।

बिजुली बत्ती नभएको कारण थारू समुदायका सम्पन्नले सोलार प्यानल जडान गरेका छन् भने गरीबहरूले अहिले पनि टुकीमा जीवन व्यतीत गर्दै आएका छन्। शिकारीवासमा संसदीय विकास कोषबाट पाँचवटा सार्वजनिक सोलार बत्ती जडान गरिएको थियो, जसमा अहिले दुईवटा मात्र बलिरहेका छन् भने तीनवटा बिग्रिएका छन्।

नेपाल विद्युत् प्राधिकरण पोखरिया वितरण केन्द्र अन्तर्गत यो क्षेत्र पर्दछ। पोखरिया वितरण केन्द्रले चितवनको माडी नगरपालिका अन्तर्गत बाँदरझुलास्थित सशस्त्र प्रहरी बेस क्याम्पसम्म विद्युत् जडान गरेको छ तर त्यस अघि पर्ने शिकारीवासमा विद्युत् लाइन छैन। स्थानीयले सशस्त्र प्रहरी बेस क्याम्पसम्म विद्युत् लाइन जडान गरिनु तर त्यसअघि पर्ने बस्तीमा विद्युत् नदिनु पूर्वाग्रहपूर्ण भएको आरोप लगाएका छन्।



शिकारीवासका केही स्थानीयवासीले सौर्य ऊर्जाबाट विद्युत् उपभोग गर्दै। तस्वीरः प्रतीक

स्थानीय युवा राजेन्द्र चौधरीले विद्युत् सेवा जडानको लागि आफूले जनप्रतिनिधिसँग पटक-पटक पहल गरेको बताए। उनले विद्युत् नहुँदा शिकारीवासका जनता रेडियो, टेलिभिजन, मोबाइलको प्रयोगबाट वञ्चित छँदैछन्। दैनिक अँध्यारोमा रात गुजार्नुपर्ने बाध्यता पनि बेहोर्दै आएको बताए।

ठोरी गापा-३ का अध्यक्ष सूर्यबहादुर लामाले शिकारीवासका जनताको लागि आफूले विद्युत् जडानको लागि प्रयास गर्दै आएको दाबी गरेका छन्। उनले नेपाल विद्युत् प्राधिकरण फ्युज शाखा सुवर्णपुरका कर्मचारीसँग पोल, तार जडानका लागि दुईपटक सर्भे गराएको तर पनि विद्युत् लाइन प्रवाह नगरेको बताए। उनले बस्तीमा चालू आवमा रु

(बाँकी अन्तिम पातामा)

## कर्जनिया र सिङ्गाही खोलाको अवैध उत्खनन

प्रस, बिरुवागुठी, १९ साउन/

पर्सागढी नगरपालिका अन्तर्गत पर्ने कर्जनिया र सिङ्गाही खोलाबाट अवैध उत्खनन भइरहेको छ।

स्थानीय तहले साउन १ गतेदेखि असोज १ गतेसम्मको लागि गिट्टी, बालुवा, ढुङ्गाको उत्खनन तथा निकासीमा रोक लगाएको छ। तर सो खोलाबाट अहिले तस्करहरूले गिट्टी, बालुवाको तस्करी गरी निजी कार्यको लागि महँगो मूल्यमा बिक्री गरिरहेका छन्।

वनका कर्मचारी र प्रहरीको मिलेमतोमा तस्करहरूले सिङ्गाही खोला र कर्जनिया खोलाबाट बिहान-बेलुका गिट्टी, बालुवा र ढुङ्गाको तस्करी गरिरहेको स्थानीयवासीले बताएका छन्।

सो खोलाको नाकामा पर्ने सबडिभिजन वन कार्यालय बडनिहार, रेन्जपोस्ट छतवनटाँडी, मनवा रेन्जपोस्ट तथा बडनिहार प्रहरी चौकी, मनवा प्रहरी चौकी रहे तापनि उनीहरूकै मिलेमतोमा तस्करी हुने गरेको बताइएको छ। उनीहरूकै मिलेमतोमा सो नदीहरूबाट बिहान, बेलुका तथा राति दर्जनौं ट्याक्टर खोलामा प्रवेश गरी गिट्टी, बालुवा र ढुङ्गा लोड गरी दिनदहाडै वन कार्यालय र प्रहरी चौकी अगाडिबाट लैजाने गरिएको छ।


सिङ्गाही खोलाबाट उत्खनन गर्दै। तस्वीरः फाइल

अहिले पर्सागढी नगरपालिकामा स्थानीयवासीले निजी प्रयोजनको लागि रु दुई हजार पाँच सय पर्ने गिट्टी, बालुवा चार हजारमा र रु पाँच हजार प्रतिटिप पर्ने ढुङ्गा ८ हजारमा तस्करहरूसँग खरीद गरिरहेका छन्।

## सिम्रौनगढका विद्यालय बुधवारदेखि खुल्ने

प्रस, सिम्रौनगढ, १९ साउन/

सिम्रौनगढ नगरपालिका अन्तर्गतका विद्यालयहरूका प्रधानाध्यापकहरूको भेला सम्पन्न भएको छ। सिम्रौनगढ नगरपालिकाको शिक्षा तथा खेलकूद शाखाको सभाकक्षमा भेला सम्पन्न भएको हो।


तस्वीरः प्रतीक

शिक्षा संयोजक नुराजम सिद्धिकीको अध्यक्षतामा भएको भेलाले साउन २० गतेदेखि सिम्रौनगढ नगरपालिका अन्तर्गतका सामुदायिक, संस्थागत तथा मदर्सा विद्यालय सञ्चालन गर्ने निर्णय गरेको बताइएको छ। यसका साथै यसै महीनाको मसान्तभित्र विद्यार्थी भर्ना गर्ने निर्णय पनि गरिएको छ।

भेलामा कङ्काली माविका प्रअ ध्रुवप्रसाद कुशवाहा, जनता माविका शम्भुप्रसाद यादव, प्रअहरू कमलेश अग्रहरि, जिकुल्लाह अन्सारी, रामायण प्रसाद, त्रिभुवन प्रसाद, अमानुल्लाह अन्सारीलगायत सहभागी थिए।

## गत वर्षको तुलना अढाई करोड राजस्व वृद्धि

प्रस, वीरगंज, १९ साउन/

यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र पर्सा वीरगंजले गत वर्ष र १० करोड ६९ लाख ९० हजार राजस्व सङ्कलन भएको जनाएको छ।



कार्यालय प्रमुख सुशील साहले आव २०७६/७७ मा रु ८ करोड २२ लाख १५ हजार राजस्व सङ्कलन भएको र २०७५/७६ मा रु १२ करोड १६ लाख ५५ हजार राजस्व सङ्कलन भएको जानकारी गराए। उनले आव २०७६/७७ र २०७७/७८ मा कोरोना सङ्क्रमण, लकडाउन र निषेधाज्ञाका कारण राजस्व सङ्कलन प्रभावित भएको बताए। तर पनि आव २०७६/७७ को तुलनामा गत आवमा अढाई करोड राजस्व बढी सङ्कलन भएको उनले जनाएका छन्।

अहिलेसम्म १ लाख ७२ हजार ५ सय थान स्मार्टकार्ड छपाइको लागि विभागमा आग्रह गरिएकोमा १ लाख २३ हजार १६७ छपाइ भएको र अझै छपाइ हुन बाँकी रहेको बताए। उनले गत आवमा दुईपटक गरी थप छपाइको लागि करीब ८० हजार कार्ड पठाइएको जानकारी गराएका छन्।


कोभिड-१९ रोग जो कसैलाई पनि हुन सक्दछ, सङ्क्रमणको आशङ्कामा सामाजिक विभेद नगरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## विचारसार र सूक्तिहरू

**बिगार गर्ने सोच पलायो भने भोलिका लागि थाती राख, असल गर्ने विचार भने तत्काल पूरा गर ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# परिवर्तन भएकै हो र ?

**सरकार परिवर्तन भएको छ । सरकार, अर्थात् अब नेकपा एमालेका प्रधानमन्त्री केपीशर्मा ओलीको साटो सरकार प्रमुख नेपाली काङ्ग्रेसका शेरबहादुर देउवा भएका छन्। अनि मन्त्रीहरूको अनुहार फेरिएको छ। के यत्तिले सरकार परिवर्तन भयो, हिजो सरकारीतन्त्र (कर्मचारीतन्त्र) मा रहेको ढिलासुस्ती, भ्रष्टाचार, कमिशन आदिका कारण खरीद प्रक्रिया लम्बिने वा रद्द हुने अवस्था आउँदैन ? सबैलाई थाहा छ, यस्तो केही हुँदैन। सरकारीतन्त्र जस्तो छ, त्यस्तै रहन्छ, त्यसैले नेपाली नागरिकले सरकार परिवर्तनको अनुभूति शून्य महसूस गर्छ । अनि किन सरकार परिवर्तनबाट के–के न हुन्छ, ओलीका साथ सबै सरकारजन्य विकृतिहरू हराएर जान्छ र देउवाका साथ चोखो, जनमैत्री सरकार आएर कर्मचारीतन्त्रलाई भरपर्दो बनाउँछ भनेर हर्षबढाइँ गर्ने ? देउवा त झन् योसमेत पाँचौंपटक प्रधानमन्त्री बने। उनले गरेर हुने भइदिएको भए, चारपटकमा नै धेरै नभए थोरै पनि केही हुन्थ्यो। ओलीलाई जुझारू र देउवालाई अन्तर्मुखी भनिन्छ। अनि कसरी ओलीले गर्न नसकेको काम देउवाले गर्छन् ? हो पार्टीगत, लबिगत कुरामा केहीले लाभ पाउलान्। तर समग्रमा देश र जनताले के पाउँछ ?**

**निवर्तमान प्रधानमन्त्री ओलीले ललिता जग्गा प्रकरणको टुङ्गो लगाउन सकेनन्, महामारीले विकराल रूप लिइरहँदा खोप खरीद सम्झौता भएको औषधि जनतालाई उपलब्ध गराउन सकेनन्। यस्ता धेरै विकृति उनले हटाउन सकेनन्। के देउवाले हटाइदिन्छन् ? पक्कै सक्दैनन् । ललिता प्रकरणमा पोलिएका विजय गच्छदार देउवा प्रधानमन्त्री हुनेबित्तिकै अदालतमा पुगे। नेपालका कुनै पनि नेता जननेता हुन सकेनन्, राजनेता हुन सकेनन् । परिस्थितिको वेगले कसैलाई अग्लो बनाइदियो त्यति मात्र । हलुको चीजलाई हावाले उडाउँदा त्यसमा उड्ने शक्ति भएको भ्रम भएजस्तै नेपालका नेताहरू समयको कुनै खण्डमा उँभो–उँभो लागेका देखिन्छन्, हावाको वेग समाप्त हुनेबित्तिकै ती तल झर्छन् । जुन नेताहरूलाई महान् भनियो, उनीहरूले सरकार चलाउने अवसर पाएनन्, तर जसले सरकार चलाउने मौका पाए ती कोही पनि महान् बन्न सकेनन्। कसैले पनि कर्मचारीन्त्रलाई बाटोमा लगाउन सकेन । विकृत कर्मचारीतन्त्रले सबै नेताहरूलाई थाङ्नामा सुताइदियो। कुनै औषधि एजेन्टले कमिशन नपाउँदा कोभिशिल्ड खोप सम्झौता रद्द भयो। सरकार मुन्टो निहुर्याएर बस्यो।**

**सरकारी कर्मचारीतन्त्र भनेको स्थायी सरकार हो । स्थायी सरकार गतिलो, विवेकशील, जनमैत्री हुन सकेन भने कुनै पनि सरकारले केही गर्न सक्दैन। सरकारले गर्ने भनेको निर्णय हो, त्यसको कार्यान्वयन गर्ने कर्मचारीले हो। कर्मचारीले नै गरिदिएन भने कसैले गर्न सक्दैन। यस्तोमा कठोर अनुशासन पालना गर्न सक्ने, गराउन सक्ने कुनै व्यक्तित्व सरकारमा आयो भने मात्र, होइन भने नागनाथ गए, साँपनाथ आएबाहेक देश र जनताले केही पाउँदैन । यसो भनिरहँदा सबै दोष कर्मचारीतन्त्रको मात्र भने होइन । कर्मचारीलाई बिगार्ने राजनीतिकर्मीहरू हुन् । कानूनविपरीत काम गर्न दबाब दिने, आफू चोखिएर बस्ने, दलमा गुट–उपगुट सिर्जना गर्ने, गुटभित्र पनि विभिन्न खेमा जन्माउने कामले विधिको शासन धराशायी भयो र कर्मचारीतन्त्रले आफ् विकृतिहरू ढाक्न कानून र गैरजवाफदेह राजनीतिकर्मीहरूलाई ढाल बनायो। नेपालको सबैभन्दा ठूलो दुर्भाग्य त के रह्यो भने जुन दल बढी क्रान्तिकारी भएर सत्तामा पुग्यो, भ्रष्टाचारलाई उसैले बढावा दियो र उसैले सबैभन्दा बढी विधिको हुर्मत लियो ।**

# सेकेन्ड बेस्टबाट अब गुड हैन्ड

स्वतन्त्र विचार



**विनोद गुप्ता**

**धेरै हदसम्म देउवा सरकारको सफलता, मुलुकको लोकतन्त्र, संविधान र राजनीतिक प्रणालीको सफलतासँग जोडिएको छ भन्ने भनाइ गठबन्धनमा सम्मिलित दलका नेताहरूले कति हदसम्म आत्मसात् गर्छन् भन्ने कुरामा निर्भर हुन्छ ।**

साउन १३ गतेको नयाँ पत्रिकामा भारतीय सेनाका अवकाशप्राप्त मेजर जनरल अशोक मेहताको 'भारतसित सम्बन्ध सुधार्ने देउवाको अवसर' शीर्षकको लेख पढेपछि केही लेख्न मन लाग्यो । उनले यो लेखमा कहिले अशोक चक्र, कहिले राम मन्दिर, कहिले सीमाको विषय त कहिले सिंहमेव जयते भन्दै सधैं भारतविरोधी उभार ल्याउन ओलीले केसम्म गरेनन् भन्दै भारतले भने नेपाली राजनीतिको अङ्कगणित ओलीको पक्षमा रहेकोले भारतले नेपालको सन्दर्भमा फेभर गरेरै सिद्धान्तभन्दा राष्ट्रिय हित महत्त्वपूर्ण हुने धारणामा हिंडेर नेपालको शक्तिको खास मूल्याङ्कन गर्न चुकेको भन्नुले के साबित गर्दछ भने कि नेपालमा कार्यरत भारतको सूचना संयन्त्र कमजोर छ वा सूचना संयन्त्रले पठाएको सूचनामाथि भारतको नेतृत्वले ध्यान दिएन । यस बिन्दुमा अहिले जसरी भारतको मोदी राजमा प्रेसलाई हातमा लिने र नमान्नेलाई तह लगाउने नीति देखिएको छ, त्यही प्रवृत्ति नेपालमा पनि प्रेस काउन्सिल विधेयकमार्फत ल्याउन नखोजिएको होइन। त्यसकारण भारतको ओलीलाई फेभर, राष्ट्रिय हितभन्दा पनि मोदी र ओलीको सत्ता सञ्चलान गर्ने सोच अधिनायकवादी भएको भन्न पनि मिल्छ ।

यही लेखको शुरूमा उनले प्रम देउवालाई एक्सिडेपटल प्राइम मिनिस्टर पनि भनेका छन्। उनको यो भनाइ पनि भारतको ठूलोदाई बन्ने दम्भमा आधारित छ। किनभने ओलीद्वारा पहिलोपटकको विघटनलाई आकस्मिक माने पनि दोस्रोपटकको विघटन संयोगले भएको होइन । पुनर्स्थापित प्रतिनिधिसभालाई काम गर्न नदिनु, राष्ट्रपतिको बङ्गलादेश भ्रमणको पूर्वसन्ध्यामा बोलाइएको नेताहरूको भेलामा स्वयं राष्ट्रपतिले भ्रमणबारे चर्चा गर्नुको साथै प्रजातन्त्रमा चुनाव भइरहनु स्वाभाविक प्रक्रिया भएको भनाइ राख्नु र सरकारले पहिलो विघटनमा सर्वोच्चको फैसलाको पूर्णपाठ पनि नआउँदै दोस्रो विघटन गर्नु सबै आकस्मिक होइन। पहिलो विघटनभन्दा पूर्व ओलीको गुड फ्रेन्डको रूपमा चर्चित देउवाले सरकार परिवर्तनबारे पटक–पटक समय परिपक्व नभएको भनाइ राख्दै आएका थिए। यसको लागि आफ्नै दलका सभापति पदका प्रतिद्वन्द्वी रामचन्द्र पौडेलसँग सार्वजनिक कार्यक्रममैं अशोभनीय वादविवाद परेकै हो । तत्कालीन प्रधानमन्त्री ओली स्वयंले विश्वासको मत लिने अवस्था नरहेकोले मार्ग प्रशस्त गर्नका लागि भएको सिफारिशको आधारमा राष्ट्रपतिले नेपालको संविधानको धारा ७६ (५) अनुसार प्रतिनिधिसभाको कुनै सदस्यले आफ्नो पक्षमा बहुमत पुर्याई प्रमको लागि दाबी पेश गर्न दिएको अल्प अवधिमा १४९ सदस्यको हस्ताक्षरसहित दाबी पेश गरे पनि ओलीको तर्फबाट १५३ सदस्यको हस्ताक्षर भएको दाबी पर्न आएकोले निर्णयार्थ संसद्मा पठाउनुको सट्टा मिलेमतो गरी पुनः दोस्रोपटक प्रतिनिधिसभा विघटन भएको हो। त्यसपश्चात् सर्वोच्चले १४६ जना सांसद सशरीर सर्वोच्चमा उपस्थित भएर हामीमाथि अन्याय भयो भनी न्यायको माग गरेपछि सर्वोच्चले दोस्रोपटकको विघटनसमेत बदर गरी १४६ जना सांसदको दाबी अनुसार शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउन गरेको परमादेश एक्सिडेन्टल हो भनेर मेजर जनरलले बुझेसँगै उनीहरूको चश्मा नै दोषी भएको भन्न सकिन्छ। प्रधानमन्त्री कार्यकारी प्रमुख हुन्। संसदीय व्यवस्थामा संसद्ले कार्यपालिका गठन गर्दछ र राष्ट्रपति एवं सर्वोच्चका न्यायाधीशहरूलाई समेत महाअभियोग लगाउने हैसियत राख्दछ। यस्तो शक्ति सम्पन्न विधायिकाको १४६ को बहुमतलाई आकस्मिक देख्नु उनीहरूको नेपालको सन्दर्भमा दुर्भाग्यपूर्ण नियति बनेको छ र यसैले होला उनीहरूले लिने गरेको निर्णयले नेपालमा भारतलाई झन्झन् अलोकप्रिय बनाइरहेको छ ।

उनको तेसो भनाइ छ, पछिल्लो समय महन्थ ठाकुरले देउवालाई समर्थन गर्नुको अर्थ के हो भने भारतले देउवालाई समर्थन गरेको छ । ठाकुरजी भारतको शरण परेका हुन् भने आज उनी कुन ठाउँमा उभिएका छन्, त्यसको हेक्का ठाकुरजीलाई त भएकै होला । मेहताजीलाई पनि हुनुपर्ने हो। नेपालको शक्ति बुझ्न छिमेकी पहिलाको नीति लिएर हिंडेको मोदी सरकारले आगामी भारतीय निर्वाचनमा ओलीजीकै नियति भोग्नुपरेमा आश्चर्य हुने कुनै कारण देखिंदैन किनभने दुवै उस्तै छन्। नेपालमा संसद् विघटन हुँदा दिल्लीमा विरोध गर्ने भारतीय प्रजातन्त्रवादीका लागि भने नेपालमा माओवादी र एमाले मिलेर बनेको नेकपा एमाले माओवादी केन्द्र र एमालेमा विभाजित भएर अन्त हुन पुगेको चिनियाँ स्वार्थ र देउवाको सत्तारोहण भने खुशीको खबर हुन सक्छ। नेपालमा चीनको प्रभाव बढेको भारतीय आकलन छ र त्यो हो पनि । उता भारत भने अमेरिकासित इन्डो–पैसेफिक रणनीति अन्तर्गत गहन सहकार्यमा रहेकोले नेपालमा एमसिसी अनुमोदन हुने विश्वास बढेको छ ।


सरकार गठनका लागि विश्वासको मत लिने क्रममा बराबर विवादित डा बाबुराम भट्टराईले मत दिन आग्रह गर्दै शान्ति प्रक्रियामा संलग्न पक्षबीच टुटेको कडी वर्तमान गठबन्धनले पुनः जोडिदिएको छ । यसर्थ धेरै हदसम्म देउवा सरकारको सफलता, मुलुकको लोकतन्त्र, संविधान र राजनीतिक प्रणालीको सफलतासँग जोडिएको छ भन्ने भनाइ गठबन्धनमा सम्मिलित दलका नेताहरूले कति हदसम्म आत्मसात् गर्छन् भन्ने कुरामा निर्भर हुन्छ॥ कमरेड प्रचण्ड आफ्नो पार्टीभित्र मन्त्री पदको आकाङ्क्षीहरूको सङ्ख्याबाट नै आतङ्कित छन् भने नेकामा पौडेल, सिटौला, कोइराला, निधि र प्रकाशमान सिंहजस्ता नेताले पनि आफ्नो समर्थकको दाबी पेश गर्ने नै छन् । त्यस्तै जसपाको यादव समूहको, निर्वाचन आयोगको निर्णयका कारण, देउवा सरकार टिकाउन नेपाल समूहबाहेक पनि थेग्न सक्ने भएकोले, बढेको बार्गेनिङ पावर र नेपाल समूहको अनिर्णयले उत्पन्न अप्ठेरो प्रधानमन्त्रीको लागि सकसपूर्ण विषय बनेका छन्। तर अब १८ महीनाको लागि यो सरकार कानूनतः परिवर्तन हुने अवस्था नरहेकोले देउवाले राष्ट्रहितमा (१) खोपको उपलब्धता सुनिश्चित गर्ने (२) योग्यताको आधारमा र कानून टेकेर नियुक्ति (३) अमन चैन कायम गर्न शान्ति सुरक्षाको प्रत्याभूति दिने र अर्थ व्यवस्थालाई लिकमा ल्याउने कार्य मात्र गर्न सके, नेपाली जनताले लामो समयपछि सन्तोषको सास फेर्न पाउने छ। जनताले अहिले कुनै चमत्कार खोजेको छैन, आशा पनि गरेको छैन । त्यसैले प्रमको लागि अग्निपरीक्षाको कुण्ड र समस्याको पहाड खडा गरेर जनतालाई भ्रमित गर्ने कार्य गर्नु अनुचित हुनेछ । देउवा हामीजस्तै एउटा नेपाली हुन्। उनको बानी–बेहोर र गुण र दुर्गुण पनि हामीमा जस्तै होला तर अलि बढी क्षमतावान् भएकाले नेता बन्न पुगेर प्रधानमन्त्री भएका हुन्। त्यसैले उनलाई हनुमान नबनाऔं ।

# सूचना महामार्गः एक हजार किलोमिटरमा अप्टिकल फाइबर जडान

–समुन्द्रा घिमिरे

काठमाडौं, १९ साउन/रासस

देशभर सूचना महामार्ग (अप्टिकल फाइबर ब्याकबोन नेटवर्क) विस्तार परियोजना अन्तर्गत हालसम्म एक हजार छ किलोमिटर क्षेत्रमा फाइबर जडान सम्पन्न भएको छ ।



यन्त्रमा जडान गरिएका अप्टिकल फाइबर । तस्वीरः फाइल

नेपाल दूरसञ्चार प्राधिकरणले दुई वर्षभित्र महामार्ग विस्तार गरिसक्ने भन्दै शुरू गरेको योजना अन्तर्गत असार मसान्तसम्म ४६.१६ प्रतिशत मात्रै जडान सम्पन्न भएको छ। पहिलो खण्ड अन्तर्गत प्रदेश नं १, २ र बागमती प्रदेशमा फाइबर बिछ्याउने जिम्मा पाएको नेपाल टेलिकमले उक्त क्षेत्रमा फाइबर जडान सम्पन्न गरेको हो ।

सम्झौता अनुसार टेलिकमले तीन प्रदेशमा दुई हजार ८३ किलोमिटर फाइबर बिछ्याउनुपर्दछ। जसमध्ये पाँच वर्षमा एक हजार छ किलोमिटर फाइबर बिछ्याएको छ ।

प्राधिकरणले मध्यपहाडी लोकमार्गको छ हजार २३५ किलोमिटर क्षेत्रमा फाइबर बिछ्याउने योजनालाई तीन खण्डमा विभाजन गरेर तीन छुट्टाछुट्टै कम्पनीलाई जिम्मा दिएको थियो । तीमध्ये एक खण्डमा विस्तारको काम भए पनि दुई खण्डको काम शुरू हुनै सकेको छैन । प्राधिकरणले पहिलो खण्ड अन्तर्गत नेपाल टेलिकमसँग पूर्वी नेपालदेखि गोरखासम्म फाइबर बिछ्याउन विसं २०७३ असोज १२ गते दुई वर्षको सम्झौता गरेको थियो।

प्राधिकरणका प्रवक्ता सन्तोष पौडेलले टेलिकमले ०७६ जेठ पहिलो सातादेखि अप्टिकल फाइबर बिछ्याउने काम शुरू गरेको बताए । उनका अनुसार पहिलो खण्ड अर्न्तगत तीन प्रदेशमा टेलिकमले अप्टिकल फाइबर बिछ्याउन, सामान खरीदलगायत काम गर्न पाँचवटा कम्पनीलाई जिम्मा दिएको छ ।

## दुई खण्डको कामै शुरू भएन

तीन खण्डमा विभाजन गरिएको सूचना महामार्ग विस्तार परियोजना अन्तर्गत दुई खण्डमा काम शुरू हुनै सकेको छैन। खण्ड–२ अन्तर्गत गण्डकी र लुम्बिनी प्रदेश अन्तर्गतका २१ जिल्लामा दुई हजार १६० किलोमिटर अप्टिकल फाइबर बिछ्याउने काम शुरू नै हुन सकेको छैन ।

प्राधिकरणले युनाइटेट टेलिकम (युटिएल)लाई विस्तारको जिम्मा दिए पनि सर्वोच्च अदालतमा मुद्दा हुँदा उक्त क्षेत्रमा विस्तारको काम रोकिएको हो । दुई वर्षभित्र सक्नुपर्ने गरी प्राधिकरणले युटिएलसँग विसं २०७४ वैशाख २५ गते रु दुई अर्ब एक करोडमा सम्झौता गरेको थियो । तोकिएको अवधिमा काम शुरू नगरेको भन्दै प्राधिकरणले विसं २०७६ वैशाख २६ गते सम्झौता रद्द गरेपछि युटिएलले सर्वोच्च अदालतमा मुद्दा दर्ता गरेको थियो ।

अदातलते वैशाख २९ गते युटिएलको पक्षमा फाइबर बिछ्याउने ठेक्का रद्द नगर्न अन्तरिम आदेश जारी गरेको थियो। प्राधिकरण उक्त आदेशविरुद्ध भ्याकेटमा गए पनि यसको अन्तिम निर्णय हुन नसक्दा फाइबर बिछ्याउने कार्यको शुरूआत नै हुन सकेको छैन । कर्णाली र सुदूरपश्चिममा फाइबर बिछ्याउन स्मार्ट टेलिकमलाई जिम्मेवारी दिएपनि काम शुरू गर्न नसकेको भन्दै प्राधिकरणले पुनः नेपाल टेलिकमलाई जिम्मा दिएको थियो ।

फाइबर बिछ्याउन विसं २०७४ भदौ ३ गते दुई वर्षका लागि स्मार्ट टेलिकमलाई जिम्मा दिइएको थियो। तोकिएको समयमा काम शुरू गर्न नसक्दा प्राधिकरणले २०७६ कात्तिक ३ गते ठेक्का सम्झौता रद्द गरी २०७६ पुस १९ गते नेपाल टेलिकमसँग सम्झौता गरेको थियो। टेलिकमले जिम्मा लिएको लामो समय बितिसक्दासमेत विस्तारको काम शुरू भएको छैन । टेलिकमले उक्त काम बोलपत्रको प्रक्रियामा रहेको जनाएको छ । रूकुमको मुसिकोटदेखि दार्चुलाको झुलाघाटसम्म एक हजार १९२ किलोमिटर फाइबर बिछ्याउन टेलिकमसँग प्राधिकरणले रु तीन अर्ब ८१ लाखमा सम्झौता गरेको छ ।

अप्टिकल फाइबर बिछ्याउन दूरसञ्चार प्राधिकरणले ग्रामीण दूरसञ्चार कोषको रु नौ अर्ब ८९ करोड १७ लाख बजेट छुट्याएको छ। प्राधिकरणले शुरू गरेको उक्त परियोजना अन्तर्गत मध्यपहाडी लोकमार्गलाई आधार मानेर त्यसको समानान्तर जिल्ला सदरमुकाम र हरेक नगरपालिकासम्म फाइबर नेटवर्क विस्तार गर्नुपर्ने हुन्छ ।

परियोजना अन्तर्गत मध्यपहाडी लोकमार्गमा ९८ कोर, जिल्ला सदरमुकाम र मध्यपहाडी लोकमार्गलाई पूर्व–पश्चिम राजमार्गसँग जोड्ने सडकमा ४८ र नगरपालिकाहरूसम्म जोड्ने सडकमा २४ कोरको अप्टिकल फाइबर प्रयोग हुने गर्छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## भारतमा थप ३० हजार ५४९ कोरोना सङ्क्रमित

नयाँ दिल्ली, १९ साउन/एएनआई

भारतमा कोरोना भाइरसबाट थप ३० हजार ५४९ जना सङ्क्रमित भएका छन् ।


स्वाब नमूना सङ्कलन गर्दै स्वास्थ्यकर्मी । तस्वीरः एजेन्सी

कोरोना भाइरसबाट सङ्क्रमितको कुल सङ्ख्या तीन करोड १७ लाख २६ हजार ५०७ पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले मङ्गलवार जानकारी दिएको छ ।

भारतमा अहिले पनि सक्रिय सङ्क्रमितको सङ्ख्या चार लाख चार हजार ९५८ रहेका छन् । यो सङ्ख्या कुल सङ्क्रमितको १.२८ प्रतिशत हो ।

गत २४ घण्टाको अवधिमा कोरोना भाइरसका कारण भारतमा ४२२ जनाको मृत्यु भएको छ । कोरोना सङ्क्रमणका कारण कुल मृतकको सङ्ख्या चार लाख २५ हजार १९५ पुगेको पनि मन्त्रालयका अधिकारीले जनाएका छन् ।

पछिल्लो २४ घण्टामा भारतमा ३८ हजार ८८७ जना कोरोना भाइरस सङ्क्रमणमुक्त भएका छन् । भारतमा कोरोना भाइरसको महामारी फैलिएदेखि अहिलेसम्म सङ्क्रमणमुक्त भएकाको कुल सङ्ख्या तीन करोड आठ लाख ९६ हजार ३५४ रहेको छ ।

सरकारी अधिकारीले दिएको जानकारी अनुसार कुल सङ्क्रमितमध्ये ९७.३८ प्रतिशत सङ्क्रमित सङ्क्रमणमुक्त भइसकेको छ ।

हालसम्म यहाँ ४७ करोड १२ लाख ९४ हजार ७८९ जनाको कोरोना भाइरस परीक्षण गरिएको छ । हिजो एकै दिनमा १६ लाख ४९ हजार २९५ जनाको कोरोना परीक्षण भएको थियो ।

भारतमा गत जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरू भएको थियो । सो समयदेखि अहिलेसम्म ४७ करोड ८५ लाख ४४ हजार ११४ मात्रा कोरोनाविरुद्धको खोप लगाइएको छ ।

**दक्षिण कोरियामा नयाँ भेरियन्टका दुई हजारभन्दा बढी सङ्क्रमित**

सोल/सिन्ह्वा

दक्षिण कोरियामा गएको हप्ता दुई हजारभन्दा बढी सङ्क्रमित भेटिएका छन् । ती सङ्क्रमित नयाँ भेरियन्टका भएको बताइएको छ ।

दक्षिण कोरियाका स्वास्थ्य अधिकारीले मङ्गलवार दिएको जानकारी अनुसार यहाँ गएको हप्तामा दुई हजार १०९ नयाँ भेरिएन्टका सङ्क्रमित भेटिएका छन् ।

यहाँ यो तथ्याङ्कसहित गएको हप्तामा कोभिड–१९ का नयाँ भेरियन्टको सङ्ख्या आठ हजार १२५ पुगेको पनि बताइएको छ ।

यहाँ नयाँ भेरियन्ट जुलाई २५ मा भेटिएको थियो ।

योसमेत गरी यहाँ त्यसयता नयाँ भेरियन्टका २५ हजार २४० जना सङ्क्रमित पाइएका हुन् । रासस

## २४ रूसी कूटनीतिज्ञलाई देश छोड्न अमेरिकी आदेश

वाशिङ्टन, १९ साउन/सिन्ह्वा

अमेरिकी सरकारले २४ रूसी कूटनीतिज्ञलाई देश छोड्न आदेश दिएको छ ।

उनीहरूको प्रवेशाज्ञा सेप्टेम्बर ३ सम्ममा सकिने भएकोले उनीहरूलाई सो समयसम्म अमेरिका छोडिसक्न भनिएको हो । अमेरिकामा रहेको रूसी दूतावासले सो कुराको जानकारी दिएको बताइएको छ । अमेरिकाका लागि रूसी राजदूत एन्टोली एन्टोनोभले भने–हामीलाई आगामी सेप्टम्बर ३ तारिख अगावै, अमेरिका छोड्नु भनेर अमेरिकाले २४ जना कूटनीतिज्ञको सूची पठाएको छ ।

रूसी कूटनीतिज्ञहरूले निर्धारित समयमैं अमेरिका छोड्ने जानकारी राजदूत एन्टोलीले दिएका छन् ।

उनका अनुसार हाल अमेरिकाले प्रवेशाज्ञामा निकै कडाइ गरेकोले तिनका स्थानमा तत्कालै अरू कूटनीतिज्ञ अमेरिका आउने छैनन् । रासस

## शान्ति सेना पठाउने विषयमा सोचिएको छैन

संयुक्त राष्ट्रसङ्घ, १९ साउन/सिन्ह्वा

अफगानिस्तानमा संयुक्त राष्ट्रसङ्घीय शान्तिसेना पठाउने विषयमा अहिले नसोचिएको संयुक्त राष्ट्रसङ्घका लागि भारतीय राजदूतले बताएका छन् ।

संयुक्त राष्ट्रसङ्घका लागि भारतीय राजदूत टिएस तिरुमूर्तिले सो कुरा बताएका हुन् । उनले भनेका छन्–हामीले अहिले नै अफगानिस्तनमा संयुक्त राष्ट्रसङ्घीय शान्ति सेना पठाउनेबारे केही सोचेका छैनौं, मलाइ लाग्छ वर्तमान अवस्थाको समाधानका लागि शान्तिवार्ता नै विकल्प हुन सक्छ ।

हाल भारत संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को अध्यक्ष रहेको छ । अध्यक्षको हैसियतमा तिरुमूर्तिले सो कुरा बताएका हुन् ।

उनले भने–तर हाल अफगानिस्तानको अवस्था निकै कमजोर छ, तालिबानीले हिंसालाई बढावा दिएका छन् र विभिन्न शहरमा उनीहरूले आक्रमण गरेको समाचार आइरहेका छन् ।

राजदूत तिरुमूर्तिले सुरक्षा परिषद्को बैठकमा बोल्दै संयुक्त राष्ट्रसङ्घले अझै पनि अफगानिस्तानको समस्या समाधान वार्ताबाटै गर्नुपर्छ भन्ने ठानेको छ भने ।

**हेल्मान्डमा सेना र तालिबानीबीच भीषण भीडन्त**

अफगानिस्तानको दक्षिणी हेल्मान्ड प्रान्तमा तालिबानीसँग भीषण भीडन्त जारी रहेको समाचार आएको छ ।

अफगानी सेना र अमेरिकी सेनाले सो क्षेत्रमा हवाई हमला जारी राखे पनि दक्षिणी हेल्मान्ड प्रान्तको एक शहर लस्करगाहमा तालिबानीले कडा प्रतिवाद गरिरहेको बताइएको छ ।

सोमवार प्राप्त समाचारमा उक्त शहरमा तालिबानीले एउटा टेलिभिजन स्टेशन कब्जामा लिएका बताइएको छ ।

यहाँका प्रत्यक्षदर्शीले दिएको जानकारी अनुसार ग्रामीण क्षेत्रका कैयौं मानिसले कतिपय गाउँका खाली भवन तथा कार्यालयमा शरण लिएका छन् ।

केही दिनयता अफगान तालिबानीले आक्रमणलाई तीव्र बनाएपछि विद्रोहीसँग लड्न ठूलो सङ्ख्यामा थप अफगान सैनिक परिचालन गरिएको छ ।

यस अघि सो क्षेत्रमा करीब बीस वर्षसम्म रहेका अमेरिकी सेना हालैमात्र त्यहाँबाट हटेपछि अहिले अफगानिस्तानको सेनाले सुरक्षा दिंदै आएको थियो ।

केही दिनयता सो क्षेत्रमा तालिबानीले तीव्र आक्रमण गरेर कैयौं भूभाग कब्जा गर्ने प्रयास गरिरहेका छन् । उनीहरूले केही स्थान त कब्जा गरिसकेको पनि बताइएको छ । रासस

## वीरगंज महानगरपालिकाको सूचना

वीरगंजमा दर्ता भई नियमितरूपमा प्रसारण तथा प्रकाशनमा रहेका रेडियो, टेलिभिजन, पत्रपत्रिका तथा अनलाइन (डिजिटल पत्रिका)लाई वीरगंज महानगरपालिकाले लोककल्याणकारी विज्ञापन उपलब्ध गराउने विगतमा भएको निर्णयबमोजिम यो सूचना प्रकाशित भएको मितिले तीस (३०) दिनभित्र (मिति २०७८ भदौ १८ गतेभित्र)मा तोकिए अनुसारको विवरणसहित रेडियो, टेलिभिजन, पत्रपत्रिका र अनलाइन (डिजिटल पत्रिका) महानगरपालिकाको प्रकाशन, प्रसारण तथा सूचना शाखामा सूचीकृत हुन यो सूचना जारी गरिएको छ । लोककल्याणकारी विज्ञापनमा सहभागी हुन चाहने रेडियो, टेलिभिजन, पत्रपत्रिका र अनलाइन (डिजिटल पत्रिका)ले महानगरपालिकाको वेबसाइट www.birgunjmun.gov.np वा महानगरपालिकाको प्रकाशन, प्रसारण तथा सूचना शाखाबाट फाराम उपलब्ध गराइनेछ ।

**लोककल्याणकारी विज्ञापन प्राप्त गर्नको लागि देहायका शर्तहरू पूरा गरेको हुनुपर्नेछ ।**

(क) विधान र प्रचलित कानूनको पालना गरेको,
(ख) प्रत्येक वर्ष नवीकरण भएको, (संस्था, सहकारी वा कम्पनीमा दर्ता भएकाको हकमा)
(ग) आयकर PAN/VAT को प्रतिलिपि पेश गरेको,
(घ) करचुक्ता प्रमाणपत्र पेश गरेको (आव २०७६/७७ सम्मको)
(ङ) आव २०७६/७७ को लेखापरीक्षण प्रतिवेदन समावेश गरेको,
(च) ३६५ दिनमा कम्तीमा पनि ३०० दिन प्रसारण वा प्रकाशन भएको,
(छ) पत्रपत्रिकाको हकमा प्रेस काउन्सिल नेपालबाट वर्गीकरणमा परेको हुनुपर्नेछ ।
(ज) सम्बन्धित छापाखानाबाट नियमित प्रकाशन भएको भनी पठाएको सिफारिशपत्र ।
(झ) वी.म.न.पा को राजस्व शाखाबाट सूचीकृतका लागि हालसालै तिरेको दस्तुरको सक्कल रसीद आदि ।


## VACANCY

Employees required for
Online English Typing &
Customer Handling.

**Requirement**
* Good Command in English
* Smart & Active
* Job time 6 PM to 6 AM (Night)

**Contact**
Administration (9812229559)
Director (9869201255)


## गोलिया बरामद

प्रस, निजगढ, १९ साउन/

जीतपुरसिमरा उपमहानगरपालिका–१६ स्थित टाँगियाबस्तीबाट एघार थान सालको गोलिया काठ बरामद गरेको छ ।

राजमार्गबाट टाँगियाबस्ती पुग्नुअगावैको फूटबल मैदानवरपर लुकाइ राखिएको अवस्थामा सो गोलिया बरामद भएको सबडिभिजन वन कार्यालय तामागढी निजगढका प्रमुख हरिशङ्कर साहले जानकारी दिए । बरामद गरिएको गोलिया लगभग ६४ क्यूफिट रहेको छ । फूटबल मैदान फराकिलो गर्ने क्रममा छेउमा रहेको दुईवटा सालको ठाडो रूख ढालेर गोलिया बनाइएको बुझिएको छ । कानूनविपरीत रूख ढाल्ने समूहको खोजी भइरहेको डिभिजन वन कार्यालय बाराले जनाएको छ ।

## एमाले बाराको बैठक

प्रस, निजगढ, १९ साउन/

नेकपा एमाले बारा ४ नं निर्वाचन क्षेत्रीय कमिटीको बैठक मङ्गलवार बकुलियामा सम्पन्न भएको छ ।

बैठकले पार्टीभित्रको अन्तरविरोध तत्काल समाधान गरी एकताबद्ध पार्टी निर्माणका लागि निष्कर्षमा पुऱ्याउन नेतृत्व तहसँग आग्रह गरेको छ । बैठकले पार्टीको वडा कमिटीको माध्यमबाट पार्टीको सङ्गठित सदस्यता नवीकरण अगाडि बढाउनसमेत आग्रह गरेको छ । बैठकमा एमाले नेता तथा पूर्वमन्त्री पुरुषोत्तम पौडेलले अध्यक्ष केपीशर्मा ओलीका कारण पार्टीमा समस्या उत्पन्न भएको आरोप लगाए । उनले नेतृत्वले समस्या समाधान गरेर अगाडि बढ्नुपर्नेमा जोड दिए । नेता पौडेलले नगरप्रमुख, वडाध्यक्ष, सांसदमा टिकट दिने कुरामा त पार्टीमा निर्णय हुन्छ भने संसद् विघटन, नियुक्तिलगायतका विषयमा अध्यक्ष ओलीले पार्टीसँग कुनै छलफल नगरी मनपरीतन्त्र चलाएका कारण पार्टी सङ्कटमा परेको बताए ।

बैठकमा एमाले केन्द्रीय सदस्य दिनेशकुमार राईले पार्टीमा रहेका समस्या विधिवत्रूपमा समाधान गर्नुपर्नेमा जोड दिए । सबैको मेहेनत, परिश्रमले पार्टी यो अवस्थामा आएको भन्दै सबैको आत्मसम्मानमा ठेस नपुग्ने गरी नेतृत्व अघि बढ्नुपर्ने बताए ।

क्षेत्र नं ४ का अध्यक्ष मनोज पौडेलको अध्यक्षतामा सम्पन्न बैठकमा प्रदेशसभा सदस्य सीता गुरुङ, एमाले बाराका उपाध्यक्ष देवनारायण चौधरी, एमाले नेता श्रीप्रसाद पासवान, ईश्वर ढकाल, विजेन्द्र चौधरी, विद्या थापा, मालती कुशवाहा, कौशलकिशोर सिंह, सरिता राई, अरुण यादव, रमा गुरुङलगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा स्वागत रमेश चौधरी र सहजीकरण कृष्ण खनालले गरेका थिए ।






## आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | कान्तिक्षय | वृष | अन्नलाभ |
| मिथुन | व्यर्थभ्रमण | कर्कट | धनलाभ |
| सिंह | अस्वस्थता | कन्या | वादविवाद |
| तुला | व्यापारवृद्धि | वृश्चिक | अलमल |
| धनु | कार्यनाश | मकर | भयचिन्ता |
| कुम्भ | मित्रमिलन | मीन | विजय |


ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# फरक समाचार

## मनसुनमा लेप्टोस्पायरोसिसको खतरा

अहिले वर्षाको मौसम छ । वर्षाको कारण धेरैजसो स्थानमा पानी जमेको छ, जमेको पानीमा थुप्रै रोगका कीटाणु हुर्किन्छन्, यसमध्ये एउटा हो लेप्टोस्पायरोसिस । यो रोग लेप्टोस्पायरा नामक ब्याक्टेरियाका कारण फैलिन्छ र बढीजसो सङ्क्रमित जनावरबाट मनुष्यसम्म पुग्छ । एकबाट अर्को मनुष्यमा सङ्क्रमण फैलिएको मामिला कमै प्रकाशमा आएको छ ।

सङ्क्रमित जनावरजस्तै मुसाको मल, मूत्र वा दूषित पानी, खाना र माटोको सम्पर्कमा आएपछि मनुष्य सङ्क्रमित हुन्छ । धेरैजसो मनसुनको समयमा यस प्रकारको सङ्क्रमण फैलिने गर्छ र यसको कारण हो पानी जम्नु र नमी ।




मुम्बईको मसीना अस्पतालका चेस्ट फिजिशियन डा सुलेमान लधानी भन्छन्–लेप्टोस्पायरोसिसको ब्याक्टेरिया छाला, मुख, आँखा र नाकको माध्यमबाट शरीरमा पुग्छ । जहाँ सरसफाइको कमी छ, वर्षा र बाढी भएको क्षेत्र र जहाँ पानी धेरै समयसम्म जम्छ त्यहाँ यसको सङ्क्रमण बढी देखिन्छ । त्यस्तै खेती किसानी गर्ने क्षेत्र जहाँ मुसाको सङ्ख्या बढी हुन्छ, त्यहाँ पनि यस प्रकारको मामिला बढ्न सक्छ ।

त्यस्तै पानीमा बढी गतिविधि गर्ने जस्तै राफ्टिङ, स्वीमिङ गर्नेहरूलाई पनि मनसुनको क्रममा यस प्रकारको सङ्क्रमण हुन सक्छ ।

**लेप्टोस्पायरोसिसको लक्षण:** काम्नु, आँखा चिलाउनु, मांसपेशी दुख्नु, पिसाब फेर्न समस्या, टाउको दुखाइ, अचानक ज्वरो आउनु, छालामा बिमिरा आउनु, बान्ता र डायरिया हुनु आदि हो ।

विज्ञका अनुसार सङ्क्रमणको ७ देखि १० दिनपछि यसको लक्षण देखिन्छ । केही मामिलामा लक्षण ढिलो देखिन सक्छ । यसको थुप्रै लक्षण फ्लु र मेनिन्जाइटिससँग मिल्दोजुल्दो हुन्छ, यसैले मनसुनमा यस्तो कुनै पनि लक्षण देखिएमा तत्काल चिकित्सकसँग सल्लाह लिनुपर्छ ।

लक्षण देखिएपछि रोगीको रक्त परीक्षण गरिन्छ । सङ्क्रमण भएपछि सेतो रक्त कोशिकाको सङ्ख्या बढी र प्लेटलेट्सको सङ्ख्या कम हुन सक्छ । कम समयमा रोग पत्ता लगाउन रोगीको एलाइजा टेस्ट गरिन्छ ।

डा लधानीका अनुसार यदि सङ्क्रमण गम्भीर छ भने शरीरको धेरैजसो भागमा नराम्रो असर पर्न सक्छ । जस्तै मिर्गौला वा कलेजो फेल हुनु, मुटु फेल, दिमाग सुन्निनु र रेस्पिरेट्री फेल्योर । एन्टिबायोटिकको मदतबाट यसको उपचार गरिन्छ ।

साधारणतया लेप्टोस्पायरा ब्याक्टेरियाबाट सङ्क्रमित रोगी एक साताभित्र रिकभर हुन सक्छ । ५ देखि १० प्रतिशत मामिला यस्तो पनि छ जसमा रिकभरी हुन समय लागेको छ । लामो समयसम्म सङ्क्रमण भएपछि अङ्ग नराम्ररी प्रभावित हुन्छ जस्तै मिर्गौला, मस्तिष्क, मुटु र रेस्पिरेट्री सिस्टम ।

त्यसकारण पानी जमेको ठाउँमा नजाने, खुला हातले माटो नछुने, जनावरलाई ओछ्यानमा नराख्ने, घाउ खुला नछाड्ने, वाटरप्रूफ ब्यान्डेज प्रयोग गर्ने, पानी उमालेर पिउने र खुट्टालाई सफा राख्दा यसबाट जोगिन सकिन्छ ।

## मनसुनमा सङ्क्रमण रोक्ने उपाय

वर्षाको मौसममा रोगहरू पनि बढ्छ । सामान्य मौसमी रोगको अलावा स्वाइन फ्लु, डेंगुजस्ता रोगहरू पनि बढ्ने गर्छ । सङ्क्रमणबाट जोगिने केही उपाय डा अव्यक्त अग्रवालले बताएकी छन्:

वर्षाको पानी वा खोला–पोखरीको पानीमा नुहाउनुहुँदैन । यस पानीमा रहेका फङ्गसले तपाईंलाई रोगी बनाउन सक्छ । यदि वर्षाको पानीले भिज्नुभएको छ भने मनतातो पानीले पुनः नुहाउनुपर्छ । यसबाट हानिकारक ब्याक्टेरिया, फङ्गस र फोहरबाट जोगिन सकिन्छ र रोग लाग्दैन । सम्भव हुन्छ भने यस मौसममा साँझपख नुहाउने बानी बसाल्नुपर्छ । यसबाट पसिना र त्यसबाट हुने सङ्क्रमणबाट जोगिन सकिन्छ । कपडा, मोजा, भित्री वस्त्र थोरै पनि भिजेको छ भने लगाउनुहुँदैन । यसबाट जमेको फङ्गसले सङ्क्रमण फैलाउन सक्छ ।



यस मौसममा कम तापमान, नमी र आद्रताको कारण एयर बोर्न इन्फेक्शन (हावाबाट फैलिने सङ्क्रमण) जस्तै फ्लु, स्वाइनफ्लुको मामिला बढ्न सक्छ । यो मौसम सङ्क्रामक रोग रियो अडेनोजस्ता भाइरसको लागि अनुकूल हुन्छ । यसैले सार्वजनिक स्थान जस्तै अस्पताल, थिएटर, बजार र सार्वजनिक यातायातको प्रयोग गर्नुहुँदैन । गरे पनि मुख, नाक राम्ररी ढाक्नुपर्छ । परिचितसँग हात मिलाउनुहुँदैन । पटक–पटक हात धुने बानी बसाल्नुपर्छ ।

वर्षायाममा कम तिर्खा लाग्छ र यसको कारण धेरैजसोले पानीको सट्टा चिया–कफी बढी पिउँछन् । यसबाट दोहोरो नोक्सान हुन्छ । पानी कम पिउँदा शरीर डिहाइड्रेट हुन्छ भने कैफिनले झनै डिहाइड्रेशन बढाउँछ । यसैले पर्याप्त मात्रामा पानी पिउनुपर्छ । स्वच्छ तथा उमालेको पानी पिउनुपर्छ ।

यस मौसममा टाइफाइड, जन्डिस, डायरिया (हेपाटाइटिस ए,ई) हुने आशङ्का बढ्न सक्छ । यस मौसममा चीसो खानेकुरा खानुहुँदैन भन्ने धारणा छ, जुन गलत हो । अमिलो फलमा भिटामिन सी पर्याप्त मात्रामा हुन्छ । भिटामिन सीले रोग प्रतिरोधक क्षमता बढाउँछ । तसर्थ यस मौसममा अमिलो र मौसमी फल खानुपर्छ ।

वर्षाको कारण भित्ता भिजेको र कपडामा नमी जमेको कारण फङ्गस हुर्किन्छ, जसले गर्दा एलर्जी हुन सक्छ । यसको अलावा ठाउँ–ठाउँमा उम्रिने झारबाट उत्पन्न परागकणको कारण छालामा एलर्जी र दमका रोगीमा बढोत्तरी हुन्छ । यतिबेला लामखुट्टे पनि निकै बढ्छ, तसर्थ राति सुत्ने बेला झुलको प्रयोग गर्नुपर्छ । – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# १४ करोडभन्दा बढी रकम निजगढ नपाले भुक्तानी दिन सकेन

प्रस, निजगढ, १९ साउन/

निजगढ नगरपालिकाले विभिन्न शीर्षकमा १४ करोडभन्दा बढी रकम आर्थिक वर्षको अन्त्यसम्म भुक्तानी गर्न सकेन। आव २०७७/७८ मा विभिन्न शीर्षकमा सम्पन्न भएका योजनाहरूको पनि भुक्तानी दिन सकेन।


तस्वीरः जीतलाल श्रेष्ठ

विद्यालय भवन निर्माण, मरम्मतसम्भार, गुम्बा, मन्दिर निर्माण, सार्वजनिक शौचालय निर्माण, फनपार्क निर्माण, क्लब घर निर्माणलगायतका दर्जनौं शीर्षकको भुक्तानी बाँकी छ। त्यसैगरी, नाला, कल्भर्ट निर्माण, सडक कालोपत्र, ट्रमा सेन्टर सञ्चालन, डीप टयुबेल तथा पाइप विस्तार, गरीब आवास, खेलमैदान मरम्मत, नदी नियन्त्रणलगायतका शीर्षकमा भुक्तानी भएको छैन। रामजानकी विवाहोत्सवका लागि ५० हजार रुपैयाँदेखि नगरपालिकाको सडक कालोपत्र गरेबापतको एकमुस्ट ८६ लाखसम्मका भुक्तानी समयमा गर्न सकेको छैन।

महत्त्वाकाङ्क्षी बजेट तर्जुमा गरेपछि साना टुक्रे योजना बनाउँदा जटिलता आउने गरेको देखिएको छ। आव २०७६/७७ मा निजगढ नपाको कुल बजेट रु ६६ करोड १ लाख ९४ हजार थियो भने गत आव २०७७/७८ मा बढेर ९६ करोड २१ लाख ८० हजार ४७० रुपैयाँ पुगेको थियो। चालू आव २०७८/७९ मा निजगढ नपाको प्रस्तावित बजेट रु १ अर्ब १ करोड ९४ लाख २३ हजार ८ सय प्रस्तुत गरिएको छ। जुन प्रस्तावित बजेटलाई धेरै महत्त्वाकाङ्क्षी मान्न सकिन्छ। यसरी बजेट प्रस्तुत गरिनुअघि स्रोतको यकीन पहिचान गर्न नसक्नुले पनि चालू आवमा निजगढ नपामा थप आर्थिक व्ययभार थपिने सम्भावना रहेको जानकारहरू बताउँछन्। सस्तो लोकप्रियताका लागि बजेट प्रस्ताव गरिंदा अलोकप्रिय हुन सक्ने सम्भावना झनै बढ्ने जानकारहरू टिप्पणी गर्छन्।

सङ्घीय सरकारले ऋणात्मक बजेट बनाए पनि स्थानीय तहलाई यस्तो किसिमको बजेट निर्माण गर्न कानूनले वर्जित गरेको छ। कागजमा मात्रै बजेट बढाएर हुन्न, व्ययभारलाई थेग्नेगरी बजेट बनाउनुपर्छ, अन्यथा भर्खरै निजगढ नपाको कार्यालयका एक दर्जनभन्दा बढी स्थानमा टाँसिएको 'सेवाग्राहीको अधिकार शीघ्र सेवा र शिष्ट व्यवहार' भन्ने नारा नारैमा मात्रै सीमित हुन जाने देखिन्छ।

यसरी निजगढ नगरपालिकाबाट गरिने विकास कार्यमा प्रयोग हुने हार्डवेयरलगायत अन्य निर्माण सामानका लागि कतिपय उपभोक्ता संस्था, समितिका लागि जनप्रतिनिधिहरू नै जिम्मा जमानी बसी उधारोमा सामग्री लिएर काम सम्पन्न गर्न लगाएका छन्। केही निर्माण उपभोक्ता संस्थाका लागि आवश्यक हार्डवेयरका सामग्री जमानी बसी निकालिदिए पनि समयमैं नगरपालिकाले भुक्तानी दिन नसक्दा पसलेले बारम्बार फोन गरी तनाव दिने गरेको एकजना जनप्रतिनिधिले दुःखेसो पोखे।

आव २०७६/७७ मा निजगढ नपाले १५ लाखभन्दा बढी रकमको कार्य टेन्डरमार्फत काम गर्ने अभ्यास गरे पनि गत आवमा जनप्रतिनिधिहरूले सस्तो लोकप्रियताका लागि उक्त अभ्यासलाई खारेज गरेका थिए।

साना, टुक्राटाक्री बजेट तर्जुमा गरिंदा धेरै उपभोक्ता संस्था, समिति र आफ्ना निकटहरूलाई योजना दिन सकिने भएपनि विकास कार्यको प्रभावकारितामा भने आशातित कार्य भएको नदेखिने नगरवासीको भनाइ छ। यस्ता टुक्राटाक्री, साना योजनाहरू हटाइ १५ लाखभन्दा बढीको योजना टेन्डरमार्फत कार्य गरिंदा नगरपालिकालाई राम्रो हुने, योजनाको मूल्याङ्कन, फछ्र्योटका नाममा असार मसान्तमा अनावश्यक हुने भीडभाड न्यूनीकरण हुने र ठेक्का प्रक्रियाद्वारा घटाघटमा कार्य गर्दा नगरपालिकालाई आर्थिक हिसाबले पनि राम्रो हुने देखिन्छ।

तर यस्ता कुरालाई बेवास्ता गर्दै साना र टुक्रे योजना बनाउनेतर्फ निजगढ नगरपालिकाका जनप्रतिनिधिहरूको आकर्षण बढ्दै गइरहेको देखिन्छ। महत्त्वाकाङ्क्षी बजेटका कारण उपभोक्ता संस्था, समिति वा अन्य समितिले कामको सम्झौता गरी काम सम्पन्न गरे पनि भुक्तानी समयमा पाउन सकेका छैनन्। यसको असर आउँदो आर्थिक वर्षमा कर्मचारीहरूलाई समेत तलब, सुविधा समयमा नैं उपलब्ध गराउन नसक्ने समस्या निम्तिन सक्ने देखिन्छ।

## चारवटा भैंसी नियन्त्रण

प्रस, वीरगंज, १९ साउन/

सशस्त्र प्रहरीले चारवटा भैंसी नियन्त्रणमा लिएको छ।

पोखरिया नगरपालिका–७ रानीगंजबाट सशस्त्र प्रहरी बेस क्याम्प पोखरियाको सशस्त्र प्रहरी निरीक्षक वीरेन्द्रकुमार सेनको कमान्डमा खटेको मोबाइल टोलीले भारतबाट भित्र्याइएको भैंसी बरामद गरेको हो। सशस्त्र प्रहरी निरीक्षक सेनले मोबाइल प्रहरी गस्ती देखेर तस्करहरू भैंसी छाडेर भागेको र चारवटा भैंसी नियन्त्रणमा लिएको बताए।


नियन्त्रणमा लिएको भैंसी। तस्वीरः प्रतीक




## एसएसबीले दुःख दिएको आरोप

प्रस, पंचगावाँ, १९ साउन/

जीराभवानी गाउँपालिका–१ महादेवपट्टि, बलुवाबाट भारतको भङ्गाहा बजार गर्न जाने नेपालीहरूलाई भारतीय सीमा सुरक्षा बल (एसएसबी)ले दुःख दिने गरेको स्थानीयले गुनासो गरेका छन्।

मङ्गलवार बिहान ९ बजे सो बजार गएका नेपालीहरूलाई सामान किनेर आउँदा एसएसबीका जवानहरूले दुःख दिएको स्थानीय सद्दाम आलमले बताए। उनले सीमामा खटेका एसएसबीले खाद्यान्न, लत्ताकपडालगायतका सामानहरू किनमेल गरी नेपाल आउने क्रममा सामान खोस्ने, कुटपिट गर्नेजस्ता कार्य गर्ने गरेको बताए।

### शिकारीवास....

७ लाख सोलार बत्ती जडानको लागि विनियोजित गरिएको बताए। शिकारीवासमा जङ्गली जनावरको आक्रमण बढी हुने गरेको छ तर बस्ती अन्धकारमा भएकोले जङ्गली जनावरको शिकार हुने सम्भावना बढी भएको उनले बताए।

नेपाल विद्युत् प्राधिकरण पोखरिया वितरण केन्द्रका इन्जिनीयर निर्मल फनैतले शिकारीवासमा विद्युत् जडानको लागि कसैले पहल नगरेको बताए। उनले विद्युत् सेवाको माग भएको खण्डमा निरीक्षण गरेर सेवा प्रदान गर्न सकिने बताए।

# खेलकूदको संसार

## पारस खड्काद्वारा अन्तर्राष्ट्रिय क्रिकेटबाट संन्यास घोषणा

काठमाडौं, १९ साउन/रासस

नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तान पारस खड्काले अन्तर्राष्ट्रिय क्रिकेटबाट संन्यास लिने घोषणा गरेका छन्। उनले क्रिकेट यात्रामा साथ, समर्थन, माया र हौसला दिने सबैप्रति ऋणी रहने भन्दै आज सामाजिक सञ्जालमार्फत सन्न्यास घोषणा गरेका हुन्। उनले नेपालका लागि खेल्नु आफ्नो जीवनको सर्वश्रेष्ठ उपलब्धि हो भनेका छन्। मैदानभित्र बिताएको दुई दशक आफूसँग मीठो सम्झनाका रूपमा रहने उल्लेख गर्दै खड्काले नेपाली क्रिकेटलाई सबैले मिलेर नयाँ उचाइमा पुर्याउने विश्वाससमेत व्यक्त गरेका छन्।

लामो समय नेपाली राष्ट्रिय टोलीको कप्तानी गरेका खड्काले सम्पूर्ण नेपाली क्रिकेट समर्थक र सरोकारवालाप्रति कृतज्ञता व्यक्त गर्दै अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्न्यास लिने निर्णय लिएको बताए। सन् २००२ मा १५ वर्षको हुँदा आफूले क्रिकेट यात्रा शुरू गरेको उल्लेख गर्दै खड्काले आफ्नो जीवनमा देखेको सपना भनेको नै नेपाली क्रिकेटको उन्नति हो भने।

नेपालमा क्रिकेटको विकासका लागि सम्पूर्ण क्रिकेट समाज र सरोकारवालाको संयुक्त प्रयास आवश्यक रहेको खड्काको भनाइ छ। यसका लागि सबैमा इमानदारी चाहिन्छ, उनले सामाजिक सञ्जालमा उल्लेख गरेका छ। तेत्तीस वर्षीय खड्का सन् २००९ मा नेपाली क्रिकेट टोलीको कप्तान बनेका थिए। उनले सन् २०१९ सम्म कप्तानको भूमिका निर्वाह गरे।

खड्काले नेपालका लागि १० एक दिवसीय तथा ३३ टी–२० अन्तर्राष्ट्रिय खेल खेले। दायाँ हाते ब्याटस्म्यान उनले यस क्रममा एक दिवसीयमा ३१५ रन बनाए भने टी–२० मा ७९९ रन बनाएका थिए। दुवै किसिमका प्रतियोगितामा उनी शतक प्रहार गर्न सफल भएका थिए। खड्काले बलिङसमेत गरेका थिए। उनले १० एक दिवसीय खेलमा नौ विकेट लिएका थिए भने टी–२० मा आठ विकेट लिएका थिए।

## पारसको निर्णय अप्रत्याशित –क्यान अध्यक्ष

काठमाडौं, १८ साउन/रासस

नेपाल क्रिकेट सङ्घ (क्यान)का अध्यक्ष चतुरबहादुर चन्दले पूर्वकप्तान पारस खड्काको अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्न्यास घोषणा उपयुक्त समयमा नभएको बताएका छन्।

क्यानका अध्यक्ष चन्दले सन्न्यास लिने पारसको निर्णय अप्रत्याशित रहेको भन्दै यस विषयमा क्यानमा छलफल भइरहेको र औपचारिक धारणा आउने बताए। "पूर्वजानकारी गराएर सन्न्यास लिएको भए केही फरक परिस्थिति बन्ने थियो, अचानक सन्न्यास लिनु क्रिकेट र देशका लागि राम्रो भएन," उनले भने।

अध्यक्ष चन्दका अनुसार पूर्वकप्तान खड्काले आज बिहान करीब साढे ७ बजेतिर इमेल गरेर सन्न्यास लिन लागेको जानकारी गराएका थिए। उनले आइसिसी विश्व क्रिकेट लिग–२ का लागि नेपाली राष्ट्रिय टोलीको आज बन्द प्रशिक्षण शुरू गर्ने तयारी रहेको समेत बताए।

# अभाव र अतिवादको चपेटमा समाज –प्रदेशप्रमुख डा झा

प्रस, रौतहट, १९ साउन/

प्रदेश नं २ का प्रमुख डा राजेश झा (अहिराज)ले अभाव र अतिवादको चपेटमा हाम्रो समाज परेको बताएका छन्।

जिल्ला समन्वय समिति गौरको सभाहलमा प्रदेश नं २ कार्यालयबाट आयोजित अन्तर्क्रियामा उनले सही दिशामा समाजलाई डोर्याउन सञ्चारकर्मीको अहम् भूमिका हुने बताए।

समाज सत्यभन्दा भ्रममा अगाडि बढिरहेकोले सत्यतथ्य समाचार प्रकाशन गरी समाजलाई सत्यतर्फ उन्मुख गराउनुपर्ने उनले बताए। सीमा सुरक्षा तथा अपराध नियन्त्रण गर्न समाजलाई अगाडि बढाइ अपराधमुक्त समाज बनाउनु आजको आवश्यकता रहेको उनले धारणा राखे। राजनीतिबाट अपराध अलग्याउन समाज अगाडि बढ्नुको विकल्प नरहेको पनि उनले बताए।

शिरमा देश, मनमा मधेस राखी अगाडि बढ्न प्रदेशप्रमुख अहिराजले अपीलसमेत गरे।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जिल्लाका विषयवस्तु र कोरोना भाइरस नियन्त्रण गर्न भएका प्रयासबारे अवगत गराएका थिए। उनले विपत् व्यवस्थापन तथा चुनौतीका बारेमा पनि प्रकाश पारेका थिए।


अन्तर्क्रियामा बोल्दै प्रदेशप्रमुख अहिराज। तस्वीर : प्रतीक

रौतहटका प्रहरी उपरीक्षक सिद्धि विक्रम शाहले सीमा सुरक्षा, जिल्लामा भएका क्रियाकलाप, मुद्दा दर्ता, कोरोना भाइरससम्बन्धी जनचेतना जस्ता कार्यबारे जानकारी गराएका थिए।

यसैगरी, गौर नगरपालिकाका प्रमुख अजयकुमार गुप्ताले नगरपालिकामा भएका विकासका गतिविधिबारे जानकारी गराएका थिए। जिल्ला समन्वय समितिका सभापति रामएकबाल राय यादव, सशस्त्र प्रहरी उपरीक्षक, राष्ट्रिय अनुसन्धान कार्यालय रौतहटका प्रहरी उपरीक्षक, सेनाका प्रमुखलगायतले मन्तव्य राखेका थिए।

कार्यक्रममा प्रदेशप्रमुख अहिराजले सञ्चारकर्मी, प्रजिअ यादवलगायत सुरक्षा निकायका सम्पूर्ण पदाधिकारीलाई नेपाली झन्डाको ब्याच उपहार दिएका थिए।


डेढ महीनाअगाडि बाढीले बगाएको पकाहामैनपुर गाउँपालिका–४ श्यामपुर भेलाहाको सडक अवलोकन गर्दै गापा अध्यक्ष विजय चौरसियालगायतको टोली। तस्वीरः राजेश मिश्र